# मोलुङगाउँपालिकाको गाउँसभामा

## उपाध्यक्ष श्री हेम कुमारी तामाङ द्वारा प्रस्तुत

## आर्थिक वर्ष२०७५/०७६ को

## वजेट वक्तव्य

# मोलुङगाउँपालिका

प्राप्चा, ओखलढुंगा

१ नं. प्रदेश, नेपाल

Scanned by CamScanner

**नमस्कार**

मोलुङ गाउँपालिकाको दाश्रा गाउँसभाका अध्यक्ष महोदय, प्रमुख अतिथि, विशेष अतिथि, उपस्थित सम्पुर्ण अतिथिगण, गाउँसभाका सदस्यज्यूहरु, सम्पुर्ण कर्मचारीहरु, पत्रकार मित्र सुरक्षाकर्मी तथा उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

स्वाधिन र सार्वभौमसत्ता सम्पन्न मुलुकका नागरिकको अभिमत बोकेर गाउँसभाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेटपेश गर्न उभिएकी छु। यस गौरवपुर्ण अवसरमा ऐतिहाँसिक जनयुद्ध,जनआन्दोलन, विभिन्न क्षेत्रमा भएका सामाजिक न्यायका लागि भएका आन्दोलनहरु लगायतका सङ्घर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछु साथै शहिद परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु। घाइते र अपाङ्ग प्रति उच्च सम्मान र सद्भाव व्यक्त गर्दछु। मुलुकको राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायि भूमिका निर्वाह गर्नुहुने सबै अग्रजहरुप्रति आभार प्रकट गर्दछु।

Scanned by CamScanner

आज हामी यस गरिमामय सभामा संविधानले सुनिश्चित गरेको जनताको नजिकको सरकारको हैसियतले दोस्रो वजेट तथा कार्यक्रम पेश गर्न गईरहेका छौं। जनताका समस्या तथा आवश्यकता सँगै पौठेजोरी खेल्दै एक वर्ष सम्म जनतासँगै बिताएका पलहरु सफल तथा चुनौतीपुर्ण दुवै रहे। संवैधानिक व्यवस्था अनुरुपका एकल तथा साझा अधिकारको प्रयोग गर्दै नागरिकको सेवा प्रवाहमा तल्लीन रहेर स्थानीय तह विना पुर्वाधार शुन्यबाट कामको शुरुवात गरेर अहिलेको अवस्थामा ल्याउनलाई अहोरात्र खट्नुहुने जनप्रतिनिधि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत सहित सम्पुर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु। साथै तिनै तहको निर्वाचन र तत् पश्चातको अवधिमा दिन रात खटेर शान्ती सुरक्षाको चुनौतीपुर्ण अवस्थालाई सामान्य अवस्थामा ल्याउनुहुने सुरक्षाकर्मी, विकास तथा गाउँपालिकाका सरोकारको विषयमा सहयोग, साझेदारी तथा खबरदारी गर्नुहुने सम्पुर्ण बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, पत्रकार, सरकारी तथा गैरसरकारी संघसंस्था लगाएत सम्पुर्ण ऐरावती वासी प्रति कृतज्ञ छु।

अध्यक्ष महोदय,

जनताको सुखी जीवनको चाहना पुरा गर्नु हाम्रो लक्ष हो। सुखी नेपाली र समृद्ध नेपाल संघीय सरकारको नारा, समृद्ध प्रदेश खुशी जनता प्रदेश सरकारको नारालाई पक्षपोषण गर्ने गरि **समुन्नत मोलुङ खुशी जनता**को नीति अनुरुप कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्ने चाहान्छु।

Scanned by CamScanner

संघ तथा प्रदेशबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान, शशर्त अनुदान, राजस्व बाँडफाँड बाट प्राप्त अनुदानका अतिरिक्त आत्मनिर्भर मोलुङबनाउने नीति अनुरुप आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाउँदै आगामी आर्थिक वर्षको बजेट तयार गरिएको म यस सम्मानित गाउँसभामा जानकारी गराउन चाहान्छु।

यस गाउँपालिका सबै हिसावले कृषिको उर्वर क्षेत्रको रुपमा रहेको सर्वविदितै छ । परम्परागत कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै कृषिमा आधुनिकिकरण, व्यवसायिकरण गरी महिलालाई उद्यमीको रुपमा विकास गर्दै आत्मनिर्भर बनाउनका निमित्त यथेष्ट वजेट विनियोजन गरिएको छ।

3) प्राकृतिक श्रोतको संरक्षण, सम्बर्द्धन र विकास गर्दै दिगो उपयोग हुने कार्यक्रमहरु अगाडि ल्याईएको छ।

४) पशुपालनलाई व्यवसायिकरण गरौः पशुजन्य उत्पादनमा आत्मनिर्भर बनौं भन्ने नारालाई आत्मसात गर्दै पशु विकास कार्यक्रम अन्तर्गत कृतिम गर्भाधान, पशु सेवा केन्द्रहरुलाई श्रोत साधन सम्पन्न बनाउने, पकेट क्षेत्र निर्धारण तथा समुह निर्माण गरि नमुना फर्महरुको विकासमा जोड दिने गरि यथेष्ट वजेट विनियोजन गरिएको छ।

Scanned by CamScanner

५) स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका वस्तिहरुलाई मध्यनजर गरि ५ वटा सामुदायिक स्वास्थ्य इकाइहरुको प्रभावकारि रुपमा सन्चालन गर्ने, गर्भवती सुत्केरी तथा जेष्ठ नागरिकहरुको लागि आयुर्वेद तथा आधुनिक चिकित्सा पद्दती द्वारा उचित उपचारमा ध्यान दिईने छ । हेल्थ युनिट खोप केन्द्रको निर्माण तथा सुधार एवं स्वास्थ्य शिविर आयोजना गरी समग्र मोलुङ वासिको स्वास्थ्य सुधारमा ध्यान पुर्याईने छ । वडा नं ७ पात्लेमा प्रसुती केन्द्रको स्थापना गरी यसै आर्थिक वर्षवाट प्रसुती सेवा संचालनमा ल्याईने छ । साथै यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक ओषधी र दरवन्दी अनुसारको स्वास्थ्यकर्मीहरुको व्यवस्थापनमा ध्यान दिई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न ध्यान दिईने छ ।

आदरणीय सदस्य ज्यूहरु,

6) खानेपानी तर्फका ठुला योजनाहरुका लागि केन्द्रमा पहल गर्ने केहि योजना संचालनमा दातृ निकायहरुसँग समन्वय गर्दै खानेपानी आयोजना अघि बढाईनेछ भने अन्य योजनाहरुका लागि प्राथमिकताका आधारमा आवश्यक वजेट विनियोजन गरेको छु।

७) मौलिक संस्कृतिको संरक्षण, पर्यटन प्रवर्द्धन लगाएतका कार्यक्रममा पनि जोड दिइएको छ।

Scanned by CamScanner

८) समृद्ध राष्ट्र निर्माणमा प्रविधिको महत्वपूर्ण भुमिका रहन्छ । सेवा प्रवाहलाई युग सुहाउँदो बनाउन यस गाउँपालिकाको वडा कार्यालयलाई प्रविधियुक्त बनाउनेकार्य आरम्भ गरिसिकएको छ ।

९) खेलकुद क्षेत्रको विकास गर्दै खेल पर्यटनमा टेवा पुऱ्याउने तथा प्रतिभाको पहिचान गर्ने उद्देश्यले रामपुरमा खेलमैदान निर्माणको लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।

साथै आगामी दिपावलीको पूर्वसन्ध्यामा यस गाउँपालिकाका वडास्तरीय फुटवलप्रतियोगीता |आयोजना गरी खेलकुद विकासमा उचित ध्यान दिईएको छ ।

10) शिक्षा क्षेत्र तर्फ केहि विद्यालयहरुमा भवन निर्माण, मर्मत, , तारवार निर्माण, खानेपानी योजना तथा विद्यालय शिक्षा सुधार योजनाको शुरुवातका लागि अवश्यक वजेट विनियोजन गरिएको छ।

११) जेष्ठ नागरिक, महिला, जनजाती, अपाङ्ग, दलित तथा वालवालिकाका लागि लक्षित कार्यक्रमहरु मार्फत समाजको शशक्तिकरणको अपेक्षा सहित वजेट विनियोजन गरिएको छ।

१२) युवा लक्षित कार्यक्रमको रुपमा स्वरोजगारमुलक सीप विकास तालिमको लागि वजेट विनियोजन गरिएको छ।

Scanned by CamScanner

आदरणीय अध्यक्ष ज्यू एवं सदस्य ज्यूहरु, अब ममोलुङगाउँपालिकाले आ.व. २०७४।०७५ मा समावेश गरेका विशेष कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**पुर्वाधार विकास**

पूर्वाधार विकास विकासको मेरुदण्डको रुपमा रहेकाले यस आ.व.मा विशेष जोड दिइएको छ ।पूर्वाधारमा पनि मुख्य सडकहरुको स्तरोन्नति तथा बाह्रैमहिना सञ्चालन गर्ने गरि वजेट विनियोजन गरिएको छ।पुर्वाधार विकासको निमित्त गाउँपालिका स्तरवाट रु १ करोड विनियोजन गरिएको छ । त्यसै गरि वडागत रुपमा हेर्दा पुर्वाधार विकासको क्षेत्रमा रु ३ करोड १७ लाख ८४ हजार विनियोजन गरोएको छ ।

**आर्थिक विकास**

गाउँपालिका स्तरवाट रु ४० लाख तथा वडागत स्तरवाट रु ३५ लाख ८८ हजार गरि जम्मा रु ७५ लाख ८८ हजार आर्थिक विकास अन्तरगतका कृषि उद्योग तथा वाणिज्य पर्यटन सहकारी वितिय क्षेत्रको समुचित विकासको लागि विनियोजन गरीएको छ ।

Scanned by CamScanner

## सामाजिक विकास

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सस्कृती प्रवद्दन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता क्षेत्रको विकासका लागि गाउँपालिका स्तरवाट रु ४० लाख वडागत रुपमा रु १ करोड ८६ लाख ९७ हजार विनियोजन गरिएको छ ।

## वातावरण तथा विपद् व्यवस्थापन

वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गतका वन तथा भु संरक्षण वातावरण संरक्षण फोहोर मैला व्यवस्थापन लगाएतका क्षेत्रमा गाउँपालिका स्तरवाट रु ४० लाख तथा वडागत रुपमा ८ लाख ५५ हजार रकम विनियोजन गरीएको छ ।

## संस्थागत विकास तथा सेवा प्रवाह

संस्थागत विकास तथा सेवा प्रवाहको क्षेत्र अन्तर्गतका मानव संशाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पुर्वाधार, नागरिक वडापत्र, सेवा प्रवाहमा विद्युतिय सुचना प्रविधिको विकास जस्ता शिर्षकहरुको लागि गाउँपालिका स्तरवाट रु ९ लाख ७६ हजार तथा वडा स्तरवाट रु १० लाख ७६ हजार रकम विनियोजन गरिएको छ ।

Scanned by CamScanner

## वित्तिय व्यवस्थापन र सुशासन

यस गाउँपालिकाको कार्यालय तथा सवै वडाहरुमा वित्तिय व्यवस्थापन र सुशासन कायम गर्न गराउनका लागि गाउँपालिका स्तरवाट रु १५ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।

आदरणिय अध्यक्षज्यू एवं सदस्यज्यूहरु,

अव म आ व २०७३/७४ को आय व्यय विवरण पेश गर्ने अनुमति चाहान्छु।

नेपाल सरकारवाट स्थानीय तहलाई कार्यालय व्यवस्थापनको लागि अख्तियारी प्रदान गरिएको रु १ करोड मध्ये चालु तर्फ रु २० लाख र पुँजिगत तर्फ रु ३२ लाख प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली २०६५ का प्रावधान बमोजिम स्विकृत खर्च शिर्षकहरुमा खर्च भईसकेको छ भने बाँकीरकम रु ४८ लाखलाई स्थानिय संचित कोषमा आम्दानी बाँधिएको छ ।

आदरणिय अध्यक्षज्यू एवं सदस्यज्यूहरु

यस सम्मानित सभामा म अव आर्थिक वर्ष २०७४/७५ को आय व्ययको अनुमानित विवरण पेश गर्ने अनुमति चाहान्छु।

Scanned by CamScanner

**आयतर्फः**

नेपाल सरकार वित्तिय समानिकरण अनुदान तर्फ रु१४,१०,८१,०००।- (१४ करोड १० लाख ८१ हजार), सशर्त अनुदान रु ९,५१,३६०००।- (९ करोड ५१ लाख ३६ हजार), गाउँपालिकाको संचित कोषमा वाँकि रकम रु ४८,००,०००।- (४८ लाख )र आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २५,८८,५००।- (२५ लाख ८८ हजार ५ सय) गरि कुल आय जम्मा रु २४,३६,०५,५०० (२४ करोड ३६ लाख ५ हजार ५ सय ) अनुमान गरिएको छ।

**<u>व्यय तर्फः</u>**

चालु खर्च

नेपाल सरकार गाउँपालिका वित्तिय समानिकरण अनुदान तर्फको रु ४,१५,५५,०००।- (४ करोड १५ लाख ५५ हजार) , गाउँपालिकाका वडाहरु संचालनका लागि प्रत्येक वडाका लागि रु ४ लाखका दरले हुन आउने रु ३२ लाख गरी जम्मा रु ४,४७,५५,०००(४ करोड ४७ लाख ५५ हजार)चालु खर्च अनुमान गरिएको छ।

Scanned by CamScanner

सशर्त अनुदान तर्फ

विभिन्न विषयगत कार्यालयहरुका लागि चालु लगाएत पुँजिगत खर्च नेपाल सरकारले तोकेका शीर्षकहरुमा जम्मा रु ९,५१,३६,००० (९ करोड ५१ लाख ३६ हजार) खर्च हुने अनुमान गरिएको छ ।

पुँजिगत खर्च तर्फ

नेपाल सरकार गाउँपालिका वित्तिय समानिकरण अनुदान वापतको रकम गाउँपालिका स्तरवाटविषयक्षेत्रगत समितीले तोकेका क्षेत्रमा समेत खर्च हुने गरी रु ४,५१,२६,००० (४ करोड ५१ लाख २६ हजार)विनियोजन गरीएको छ। साथै वडागत रुपमा प्रत्येक वडामा रु ७० लाखका दरले रु ५ करोड ६० लाख गरी पुँजीगत तर्फ जम्मा रु १० करोड ज११ लाख २६ हजार खर्च हुने अनुमान गरिएको छ।

समस्या र आवश्यकताहरु धेरै छन, सबैको एकैपटक समाधान र परिपुर्ति सम्भव छैन।तथापि आम नागरिकका मागहरुले आगामि कार्यदिशा तय गर्नको लागि मार्गनिर्देश गरेको छ।वर्तमान अवस्थामा वस्तुगत यथार्थको धरातलमा उभिएर सहकार्य र सहभागिताको मर्मलाई आत्मसाथ गरि कटिबद्ध, प्रतिवद्ध र एकतावद्ध रहदै शान्त, सुन्दर र समुन्नत मोलुङको सपना साकार पार्नका लागि अगाडि बढौं।

धन्यवाद

Scanned by CamScanner